# विदेशबाट नेपाल आउने यात्रुले आफ्नो साथमा ल्याउन पाउने सुन, चाँदी तथा मदिराको परिमाण परिवर्तन गरिएको सम्बन्धी

## भन्सार विभागको सूचना

विदेशबाट नेपाल आउने यात्रुले आफ्नो साथमा निजी गुण्टा, फिटी भारी आदेश सम्बन्धी सूचना बमोजिम भन्सार महसुल तिरी वा नतिरी साबिकमा ल्याउन पाउने सुन, चाँदी तथा मदिराजन्य वस्तुको सूचीमा **आगामी २०७३ श्रावण १ गते (२०१६ जुलाई १६) देखि लागू हुने** गरी देहाय बमोजिम परिवर्तन गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**परिवर्तन गरिएका वस्तु तथा परिमाण**

| **२०७३ आषाढ मसान्तसम्म लागू हुने** | **२०७३ साउन १ गतेदेखि लागू हुने** |
|---|---|
| **सुन तथा चाँदी:** | **सुन तथा चाँदी:** |
| १) सुन तथा सुनका गहना पचास ग्रामसम्म महसुल नबुझाई ल्याउन पाउने । | १) पचास ग्रामसम्म तौल भएका सुनका गहना महसुल नबुझाइ ल्याउन पाउने । तर काँचो सुन साथमा लिइ आउन पूर्ण प्रतिबन्ध छ । |
| २) चाँदी तथा चाँदीको गहना पाँच सय ग्रामसम्म महसुल नबुझाइ ल्याउन पाउने । | २) पाँचसय ग्रामसम्म तौल भएका चाँदीको गहना महसुल नबुझाइ ल्याउन पाउने । तर काँचो चाँदी साथमा लिइ आउन पूर्ण प्रतिबन्ध छ । |
| ३) ६ महिनाभन्दा कम अवधि विदेशमा बसी चार सय ग्रामसम्म सुन तथा सुनका गहना साथमा ल्याएमा लाग्ने भन्सार महसुलमा थप पचास प्रतिशत लाग्ने व्यवस्था । | ३) यो व्यवस्था हटाइएकोले महसुल बुझाएर पनि काँचो सुन तथा बुँदा नं. १ मा उल्लेख भएभन्दा बढी गहना ल्याउन नपाउने । |
| ४) ६ महिना वा सो भन्दा बढी समय विदेशमा बसी पाँचसय ग्रामसम्म सुन तथा सुनका गहना र एक किलोग्राम चाँदी तथा चाँदीका गहना साथमा ल्याएमा लाग्ने महसुल बुझाएर ल्याउन पाउने व्यवस्था । | ४) **यो व्यवस्था हटाइएकोले** महसुल बुझाएर पनि काँचो सुन वा चाँदी तथा बुँदा १ र २ मा उल्लेख भएभन्दा बढी सुन वा चाँदीका गहना ल्याउन नपाउने । |
| **मदिरा** | **मदिरा** |
| ५) १.१५ लिटर सम्मको जुनसुकै प्रकारको मदिरा बोतल एक । | ५) १ लिटरसम्मको जुनसुकै प्रकारको मदिरा बोतल एक । |

**माथि ल्याउन नपाउने भनी उल्लेख गरेका सामान ल्याएमा त्यस्ता सामान जफत हुनेछ ।**

नेपाल सरकार

# अर्थ मन्त्रालय

# भन्सार विभाग

विदेशमा रोजगारी गर्न गएका र विदेशमा कुनै काम विशेषले गई फर्किने नेपाली यात्रुले भन्सार तिरी वा नतिरी ल्याउन पाउने मालवस्तुहरु मिति २०७३ साल साउन १ गते (तद्नुसार १६ जुलाई, २०१६) देखि लागू हुने गरी देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

(क) <u>निम्नानुसारका मालवस्तु ल्याउन पाइन्छ र यसमा कुनै कर/शुल्क बुझाउनु पर्दैन:</u>

- आफूले प्रयोग गरिरहेका लुगाफाटाहरु,
- बर बिछ्यौना,
- घर गृहस्थीका पुराना सामान,
- बिरामीले ल्याएका औषधी,
- सुनको गहना पचास ग्रामसम्म (तर काँचो सुन पाइदैन),
- चाँदीको गहना पाँचसय ग्रामसम्म (तर काँचो चाँदी पाइदैन),
- एक लाख रुपैयाँ मूल्यसम्मको जवाहरात जडित सुनका वा चाँदीका साथमा ल्याएको गहना गुरिया (तर काँचो सुन, चाँदी पाइदैन),
- ट्याबलेट वा ल्यापटप कम्प्यूटर एक थान,
- घडी एक थान,
- क्यामरा एक थान,
- भिडियो क्यामरा एक थान,
- सेलुलर मोबाइल फोन एक थान,
- पेन ड्राइभ एक थान,
- बच्चा राख्ने पेराम्बुलेटर एक थान,
- ट्राइसाइकल एक थान,
- पेशागत यात्रुको सामान्य प्रकारका सामान एक थान,
- सात किलोसम्म खाद्य परिकार,
- मदिरा एक लिटरसम्मको एक बोतल,
- वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी आउनेको हकमा बत्तीस इन्चीसम्मको जुनसुकै ब्राण्डको टेलिभिजन एक थान ।

(ख) **तल उल्लेख गरिएका व्यक्तिगत प्रयोजनका मालवस्तुमा एकमुष्ठ चालीस प्रतिशत महसुल बुझाएर ल्याउन पाइन्छः**

- म्यूजिक सिष्टम एक सेट,
- रेफ्रिजरेटर एक थान,
- वासिङ्ग मेशिन एक थान,
- पंखा एक थान,
- रेडियो एक थान,
- लुगाफाटा, जुत्ता, कस्मेटिक्स आदि बढीमा पन्ध्र थान,
- घरायसी प्रयोगका सामान्य किसिमका उपकरण (जस्तैः मिक्सर, जुसर, सिलाई मेशिन, ग्याँस टेबुल, इस्त्री, राइस कुकर जस्ता) दुई/दुई थान,
- दश किलोग्राम सम्म खाद्य परिकार,
- व्यवसायिक पेशाका डाक्टर, इन्जिनियर जस्ता यात्रुको दक्षता बृद्धिको लागि आवश्यक पर्ने सामान दुई/दुई थान,
- माथि लेखिए वाहेकका नितान्त घर व्यवहारमा आवश्यक पर्ने सामान बढीमा दुई/दुई थान ।
- चुरोट दुइसय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म ।
- साइज अनुसार प्रति इन्चीका आधारमा महसुल बुझाई ल्याउन पाउने टेलिभिजन एक थान । (माथि खण्ड (क) मा उल्लेख भए अनुसार महसुल छुट सुविधामा बत्तीस इन्ची सम्मको टेलिभिजन ल्याएमा पुनः यस खण्ड बमोजिम अर्को टेलिभिजन महसुल बुझाउने गरी पनि ल्याउन पाइदैन),

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भएभन्दा बढी संख्यामा त्यस्ता सामान ल्याएमा वा ती खण्डहरुमा उल्लेख नभएका अन्य सामान साथमा ल्याएमा त्यस्तो सामान भन्सार अधिकृतले जफत गर्न सक्नेछ ।

यस सम्वन्धमा कुनै जिज्ञासा वा भन्सार जाँचपासको क्रममा कुनै शिकायत, हैरानी वा झन्झट भएमा निम्न नम्बरमा सम्पर्क गर्न सकिने छ ।

**भन्सार विभागका महानिर्देशक : ०१-४२५९७९३**
**सेवाग्राही सेवाकक्षः १६६००१२१२२३/०१-४२५९८६१**
**मोवाइल नं. ९८४१४२२५८८/९८५११०६४२०**
**इमेलः csd@customs.gov.np**
**त्रिभुवन विमानस्थल भन्सार कार्यालयः ०१-४४७०३८२**